नेपाल सरकार

# विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

सिंहदरवार काठमाण्डौ ।

## अवधारणापत्र सम्बन्धी

## सूचना

प्रकाशन मितिः २०८३/०६/०१

विधायन ऐन, २०८१ को दफा ४ को उपदफा (४) बमोजिम रासायनिक पदार्थ व्यवस्थापन गर्न बनेको विधेयकको मस्यौदा तर्जुमाको लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/०५/३१ मा सिद्धान्त स्वीकृत भएकोले तपसिल वमोजिमको "अवधारणापत्र" यस मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

**रासायनिक पदार्थ व्यवस्थापन गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा सम्बन्धी**

**अवधारणापत्र**

१. **पृष्ठभूमिः**

सामान्य अर्थमा "रसायन" भन्नाले आफै वा कुनै मिश्रणबाट तयारी रूपमा उत्पादन गरिएको वा प्रकृतिद्वारा प्राप्त गरिएको कुनै पनि पदार्थलाई बुझिन्छ । यद्यपि, यस परिभाषाले कुनै पनि प्रकारका जैविक तत्वहरूलाई भने समेटन सकेको छैन । २१ औं शताब्दीको तीव्र वैज्ञानिक, औद्योगिक तथा प्राविधिक विकासका कारण मानव जीवनका अधिकांश आयामहरूमा रासायनिक पदार्थको प्रयोग अपरिहार्य र अभिन्न अङ्ग बनिसकेको छ। नेपालको सन्दर्भमा, विशेष गरी उद्योगधन्दा, कलकारखाना, आधुनिक प्रयोगशालाहरू, कृषि क्षेत्र, अध्ययन-अनुसन्धान, स्वास्थ्य तथा चिकित्सा सेवा, उर्जा उत्पादन, निर्माण कार्य र सरसफाइ जस्ता महत्त्वपूर्ण क्षेत्रहरूमा विभिन्न प्रकारका रासायनिक पदार्थहरूको बढ्दो तथा व्यापक प्रयोग भइरहेको छ।

रासायनिक पदार्थहरू आधुनिक अर्थतन्त्रको मेरुदण्ड हुन् भन्दा फरक नपर्ला, किनकि यिनले औद्योगिक विकास, खाद्य सुरक्षामा वृद्धि र नागरिकको जीवनस्तर सुधारका लागि अपरिहार्य योगदान पुर्‍याउँछन्। तथापि, यिनको असुरक्षित, अनियन्त्रित र अवैज्ञानिक प्रयोगले मानव स्वास्थ्य, खाद्य स्वच्छता, जलस्रोत, प्राकृतिक एवं खनिज सम्पदा, जैविक विविधता तथा समग्र पारिस्थितिक प्रणाली (Ecosystem) मा गम्भीर र दूरगामी नकारात्मक असर पारिरहेका छन्। विशेषतः रसायनहरूको अनुचित प्रयोग, लापरबाहीपूर्ण भण्डारण, असुरक्षित ओसारपसार र अव्यवस्थित उत्सर्जन वा विसर्जनका कारण जनमानसमा क्यान्सर, श्वासप्रश्वास सम्बन्धी दीर्घकालीन रोगहरू, स्नायु प्रणालीमा क्षति तथा जन्मजात विकार जस्ता गम्भीर स्वास्थ्य समस्याहरू देखिन थालेका छन्, जसले पारिस्थितिक सन्तुलनमा अपूरणीय क्षति पुर्‍याइरहेको छ।

दीनानाथ मिश्र
सचिव

महावीर पुन
मन्त्री

नेपालमा आयात हुने, खपत हुने तथा स्वदेशमै उत्पादन हुने रासायनिक पदार्थहरूको वास्तविक अवस्था, तिनीहरूको परिमाण र प्रकारबारे कुनै पनि आधिकारिक राष्ट्रिय डाटाबेस वा एकीकृत इन्भेन्टरी हालसम्म पनि व्यवस्थित हुन सकेको छैन । यसका साथै, रासायनिक पदार्थको समग्र जीवनचक्र व्यवस्थापन (Life-cycle Management) का लागि न त कुनै एकीकृत छाता कानून (Omnibus Law) को तर्जुमा गरिएको छ, न त कुनै समर्पित नियामक निकायको स्थापना नै हुन सकेको छ। यस्तो नीतिगत तथा संस्थागत शून्यताका माझ सुरक्षित रसायन प्रयोगसम्बन्धी जनचेतनाको कमी, प्रयोगशालाहरूमा रसायन व्यवस्थापनका अन्तर्राष्ट्रिय मापदण्डहरूको बेवास्ता र जोखिमयुक्त रसायनहरूको विश्वव्यापी मिलान प्रणाली (GHS) अनुसार वर्गीकरण नगरिनु देशका लागि प्रमुख र गम्भीर चुनौतीका रूपमा देखा परेका छन्। तसर्थ, भविष्यमा आइपर्न सक्ने थप जटिलतालाई न्यूनीकरण गर्न र पर्यावरणीय सुरक्षा सुनिश्चित गर्न रसायन व्यवस्थापनलाई राज्यको उच्च प्राथमिकतामा राखेर व्यवस्थित कानूनी र प्राविधिक संरचना निर्माण गर्नु आजको टड्कारो आवश्यकता हो।

२. **नयाँ ऐन बनाउनुपर्ने आवश्यकता:**

वर्तमान समयमा रासायनिक पदार्थहरूको नियमन तथा व्यवस्थापनका लागि छरिएका रहेका कानूनहरू अपर्याप्त भएकाले नयाँ एकीकृत छाता ऐन (Omnibus Act) निर्माण गरी कार्यान्वयन गर्नु अपरिहार्य भएको छ । यसको आवश्यकतालाई निम्नलिखित रूपमा स्पष्ट पारिएको छ:-

**(क) संवैधानिक कारण:**

(१) **धारा १६ (सम्मानपूर्वक बाँच्न पाउने हक):** नागरिकको जीवनको रक्षा गर्न रासायनिक दुर्घटना तथा विषाक्तताबाट जोगाउने राज्यको प्रमुख दायित्व रहेको छ। घातक रसायनहरूको अव्यवस्थित प्रयोगले नागरिकको जीवनमा पार्ने जोखिमलाई रोक्न कानुनी प्रबन्ध गर्नु अनिवार्य छ।

(२) **धारा ३० (स्वच्छ वातावरणको हक):** वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई क्षतिपूर्ति पाउने हक सुनिश्चित गर्ने तथा पर्यावरण संरक्षण गर्ने दायित्व पूरा गर्नु आवस्यक छ।

(३) **धारा ३५ (स्वास्थ्यसम्बन्धी हक):** घातक रसायनको प्रयोगबाट उत्पन्न स्वास्थ्य समस्याहरू नियन्त्रण गरी जनस्वास्थ्य प्रवर्द्धन गर्ने संवैधानिक सङ्कल्पलाई मूर्तरूप दिनु आवश्यक छ।

(४) **धारा ४४ (उपभोक्ताको हक):** गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हकको कार्यान्वयन र विषाक्त रसायनयुक्त उपभोग्य वस्तुबाट उपभोक्ताको संरक्षण गर्नु पर्नेछ।

(५) **धारा ५१ (राज्यका नीतिहरू):** प्राकृतिक साधन संरक्षण, जनस्वास्थ्य र वातावरणीय जोखिम न्यूनीकरणसम्बन्धी राज्यका निर्देशक सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयन गर्नु पर्नेछ।

**(ख) नेपाल सरकार (कार्य विभाजन) नियमावलीमा भएको व्यवस्था:**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ बमोजिम रासायनिक पदार्थहरूको नियमन, कानूनको तर्जुमा तथा समग्र व्यवस्थापनको पक्षलाई व्यवस्थित गर्न स्पष्ट कानूनी आधार, अधिकारप्राप्त संरचना र कार्यक्षेत्रको स्पष्टता अपरिहार्य छ । प्रशासनिक पुनर्संरचना अनुसार सम्बद्ध मन्त्रालयहरूको कार्यक्षेत्र र उत्तरदायित्वलाई यस ऐनले कानूनी रूप प्रदान गर्नेछ ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

दीनानाथ मिश्र
सचिव

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

(ग) अन्तर्राष्ट्रिय दायित्व:

नेपाल पक्ष राष्ट्र भएका बहुपक्षीय रसायनिक, वातावरणीय र सुरक्षासम्बन्धी महासन्धिहरूको कार्यान्वयन गर्न नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम राष्ट्रिय कानूनको निर्माण अपरिहार्य छ। यसअन्तर्गत मुख्य अन्तर्राष्ट्रिय दायित्वहरू निम्नानुसार रहेका छन्:

१. **रासायनिक हतियार महासन्धि (Chemical Weapons Convention, CWC) र रासायनिक हतियार महासन्धिको कार्यान्वयन गर्ने निकाय (Organization for the Prohibition of Chemical Weapons, OPCW) सँगको सहकार्य:**

रासायनिक हतियार निषेध संगठन (OPCW) को पक्ष राष्ट्रको हैसियतले नेपालले मुलुकभित्र आयात, उत्पादन, भण्डारण र प्रयोग हुने औद्योगिक तथा प्रयोगशाला रसायनहरूको सम्पूर्ण जीवनचक्र (Lifecycle) सूक्ष्म रूपमा अनुगमन गर्नुपर्दछ । महासन्धिको अनुसूची १, २ र ३ मा पर्ने रसायनहरूको उत्पादन, खपत, आयात र निर्यातसम्बन्धी तथ्याङ्क सङ्कलन गरी निर्धारित समयसीमाभित्र वार्षिक घोषणापत्र (Annual Declarations) बुझाउनु बाध्यात्मक कानूनी र कूटनीतिक दायित्व हो।

२. **जोखिमपूर्ण फोहोरमैलाको सीमापार ओसारपसार नियन्त्रणका लागि बासेल महासन्धि, १९८९ (Basel Convention on the Control of Transboundary Movements of Hazardous Wastes and their Disposal):**

हानिकारक फोहोरहरूको सिमापार ओसारपसार (Transboundary Movement) नियन्त्रण र तिनको उचित वातावरणीय व्यवस्थापन (Environmentally Sound Management) गर्न, अवैध निकासी-पैठारी रोक्न र रासायनिक फोहोर व्यवस्थापनको मापदण्ड लागू गर्नु यस महासन्धिको पक्ष राष्ट्रको हैसियतमा दायित्व रहेकोछ।

३. **अन्तर्राष्ट्रिय व्यापारमा केही हानिकारक रसायन तथा जीवनाशक विषादीको पूर्व जानकारी गराउने सहमति सम्बन्धी कार्यविधि सम्बन्धी रोटरडाम महासन्धि, १९९८ (Rotterdam Convention on the Prior Informed Consent Procedure for Certain Hazardous Chemicals and Pesticides in International Trade):**

अन्तर्राष्ट्रिय व्यापारमा हानिकारक रसायन र कीटनाशकहरूमा पूर्वसहमति सूचना प्रणाली (Prior Informed Consent - PIC Procedure) को कार्यान्वयन गरी असुरक्षित रसायनहरूको अनधिकृत आयात रोक्नु यस महासन्धिको पक्ष राष्ट्रको हैसियतमा दायित्व रहेकोछ।

४. **चीरस्थायी जैविक प्रदूषकहरु सम्बन्धी स्टकहोम महासन्धि, २००१ (Stockholm Convention on Persistent Organic Pollutants):**

चीरस्थायी जैविक प्रदूषकहरू (Persistent Organic Pollutants - POPs) को उत्पादन, प्रयोग र उत्सर्जन/विसर्जनलाई न्यूनीकरण वा उन्मुलन गर्न तथा तिनका भण्डारहरूको सुरक्षित व्यवस्थापन गर्नु यस महासन्धिको पक्ष राष्ट्रको हैसियतमा दायित्व रहेकोछ।

५. **पारो सम्बन्धी मिनामाता महासन्धि, २०१७ (Minamata Convention on Mercury):** स्वास्थ्य र पर्यावरणमा पारो (Mercury) ले पार्ने गम्भीर असरहरूलाई नियन्त्रण गर्न, पारोयुक्त उपकरण र औद्योगिक प्रक्रियाहरूको नियमन गर्नु यस महासन्धिको पक्ष राष्ट्रको हैसियतमा दायित्व रहेकोछ।

६. **भियना महासन्धि,१९८५ र मन्ट्रियल प्रोटोकल, १९८७:**

कानूनी रुपमा बाध्यकारी नहुने ओजोन सम्बन्धी अनुसन्धानमा अन्तर्राष्ट्रिय सहयोगका लागि एक ढाँचागत सम्झौताको रुपमा भियना महासन्धि, १९८५ रहेको छ भने ओजोन तहको ह्रास गराउने

नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

दीनानाथ मिश्र
सचिव

महावीर पुन
मन्त्री

पदार्थहरूलाई चरणबद्ध रूपमा हटाउन निश्चित समयतालिका निर्धारण गर्ने कानुनी बाध्यकारी अभिसन्धिको रूपमा मन्ट्रियल प्रोटोकल, १९८७ रहेकोछ।

७. **वैश्विक रसायन रूपरेखा (Global Framework on Chemicals - GFC):**
रसायनहरूको सुरक्षित व्यवस्थापनसम्बन्धी वैश्विक लक्ष्यहरूलाई राष्ट्रिय नीति तथा कानुनमा आन्तरिकीकरण (Internalization) गर्नु आवश्यक छ।

८. **अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत Occupational Health Safety (OHS)** का प्रावधानहरु अन्तर्गत कार्यक्षेत्रलाई रासायनिक दुर्घटनाका जोखिममुक्त वा जोखिम न्यून गर्न ।

९. विश्व सम्पदा सूचिमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुलाई जलवायू परिवर्तन तथा मौसमको प्रतिकूल पर्भावहरुबाट बचाउन ।

**(घ) सम्मानित सर्वोच्च अदालतको फैसला/आदेश:**

जनहित संरक्षण मञ्च (प्रो.पब्लिक) द्वारा दायर रिट (सर्वोच्च अदालत, संयुक्त इजलास सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझी, माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ, संवत् २०६२ सालको रिट नं. २९५९, आदेश मितिः २०६६।७।४।४) मा नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय समेत विपक्षी भएको र यस मुद्दामा सर्वोच्च अदालतबाट विषादी र रसायनको असरबाट जनसमुदाय र पर्यावरणको रक्षा गर्न, पर्याप्त आर्थिक र प्राविधिक स्रोत सहितको व्यवस्थापनका लागि परमादेशको आदेश जारी भएको छ। तर पनि, रसायन व्यवस्थापनको सम्पूर्ण जीवनचक्र सम्बन्धमा छुट्टै विशिष्ठ कानून निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

**(ङ) सरकारको नीति तथा कार्यक्रम:**

१. **सोह्रौं योजना (२०८१/८२-२०८५/८६):** योजनाले औद्योगिक सुरक्षा, रासायनिक पदार्थ र प्रयोगशालाजन्य फोहोर व्यवस्थापन, खाद्य तथा वातावरणीय स्वच्छता कायम गर्ने, र हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने स्पष्ट राष्ट्रिय लक्ष्य लिएको छ। रासायनिक दुर्घटनाका जोखिम न्यूनीकरण गर्दै सुरक्षित औद्योगिक विकास गर्नु यसको मुख्य अभीष्ट हो।

२. **राष्ट्रिय विज्ञान, प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६:** यस नीतिको कार्यनीति ८.१६, ९.३८ र ९.३९ मा पारमाणविक, रासायनिक तथा जैविक पदार्थहरूको शान्तिपूर्ण प्रयोग, वैज्ञानिक अनुसन्धान, र तिनको दुरुपयोग नियन्त्रण तथा नियमनका लागि राष्ट्रिय प्रणालीको विकास गर्ने सुस्पष्ट नीतिगत व्यवस्था रहेको छ।

३. **राष्ट्रिय वातावरण नीति र स्वास्थ्य नीतिः** वातावरणमैत्री औद्योगिक उत्पादन, रासायनिक प्रदूषण नियन्त्रण र जनस्वास्थ्यको प्रवर्द्धन गर्ने सरकारी नीतिहरूको सफल कार्यान्वयनका लागि यो ऐन कोसेढुङ्गा सावित हुनेछ।

**(च) अन्य कुनै कारण**

१. नेपालमा हानिकारक रासायनिक फोहरमैला व्यवस्थापनसम्बन्धी कार्यान्वयन योजनाहरूलाई प्रभावकारी रूपमा लागू गर्नुपर्ने आवश्यकता रहेकोछ।

नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

दीनानाथ मिश्र
सचिव

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन म

२. रासायनिक सुरक्षा, सीमापार नियमन (cross-border regulation), तथा आपतकालीन प्रतिक्रिया (emergency response) सँग सम्बन्धित नीतिगत व्यवस्था तथा संरचनाहरू थप गर्नुपर्न स्थिति रहेकोछ।

३. अन्तर्राष्ट्रिय महासन्धि/अभिसन्धि/सन्धिका प्रावधानहरुको आधारमा रासायनिक रासायनिक पदार्थहरूको समीक्षा र नियमन गर्नुपर्ने अवस्था रहेकोछ।

माथी उल्लेखित कारणहरुले गर्दा एकीकृत कानूनको आवश्यक देखिन्छ।

३. **नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि:**

क. पदार्थको आयातदेखि विसर्जनसम्मको सम्पूर्ण चक्र (Life-cycle Management) को वैज्ञानिक तथा व्यवस्थित नियमन।

ख. रसायन व्यवस्थापन सम्बन्धी अधिकार सम्पन्न संरचनाको स्थापना मार्फत एकद्वार प्रणाली (Single Window System) को कार्यान्वयन।

ग. महासन्धिहरूका साथै कार्यान्वयन गर्ने निकाय (Basel, Rotterdam, Stockholm, Minamata, CWC, OPCW) संगको नेपालको प्रतिबद्धताको पूर्ण पालना।

घ. प्रयोगशालाहरूको राष्ट्रिय नेटवर्क (NLIMS) को स्थापना र ISO/IEC 17025 मानकिकरण मार्फत नेपाली परीक्षण रिपोर्टहरूको अन्तर्राष्ट्रिय मान्यता।

ङ. रासायनिक दुर्घटनाहरूको न्यूनीकरण र आपतकालीन प्रतिक्रिया बल (Chemical Emergency Response Team) मार्फत द्रुत उद्धार तथा क्षति न्यूनीकरण।

च. राष्ट्रिय अर्थतन्त्रमा औद्योगिक रासायनिक सुरक्षा अभिवृद्धि र उपभोक्ताको स्वास्थ्य तथा पर्यावरणको दीर्घकालीन संरक्षण।

छ. स्वच्छ वैकल्पिक उर्जाको रुपमा रसायनिक उर्जाको सम्भव्यता तथा उपलब्धता ।

४. **प्रस्तावित विषयमा मौजुदा कानून भए: मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारण :-**

४.१ **नेपालमा विभिन्न प्रकारका रासायनिक पदार्थसँग सम्बन्धित केही छरिएका कानूनी प्रावधानहरू रहेका छन्:**

(क) मुलुकी अपराध संहिता, २०७४ दफा ४१ खण्ड (घ) सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको, दफा १०४ सङ्क्रमक रोग फैलाउन नहुने, १०७ खाद्य पदार्थमा मिसावट गर्न नहुने, दफा १०८ झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने, दफा १०९ झुक्यानमा पारी कुनै वस्तु बिक्रि वितरण गर्न नहुने, दफा १११ पानी दुषित पार्न नहुने, ११२ वातावरण प्रदुषित पार्न नहुने, दफा विषालु वा विष्फोटक पदार्थ प्रयोग गर्दा लापरवाही गर्न नहुने, दफा १३४ आणविक, सासायनिक,जैविक(जिवाणुयुक्त) वा विषालु हातहतियार उत्पादन वा कारोवार गर्न नहुने आदी।

(ख) लागू औषध (नियन्त्रण) ऐन, २०३३ (केही पूर्ववर्ती रसायनहरूको नियमन)

नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

दीनानाथ मिश्र
सचिव

मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री

(ग) वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ (सामान्य वातावरणीय प्रदूषण र EIA/IEE मात्र समेटिएको, जोखिमपूर्ण पदार्थ तथा फोहरको व्यवस्थापनको अस्पष्ट व्यवस्था)

(घ) जीवनाशक विषादी ऐन, २०७६ (कृषि क्षेत्रका विषादीमा मात्र सीमित)

(ङ) तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७७ (केही सीमित तेजाबहरूको बिक्री वितरण मात्र समेटिएको)

(च) खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ र उपभोक्ता संरक्षण ऐन, २०७५ (उपभोक्ता वस्तुको गुणस्तरमा सीमित)

(छ) औषधि ऐन, २०३५ (औषधि र यसमा प्रयोग हुने रसायनहरुसंग सम्बन्धी विषयमा मात्र सिमित)

(ख) मौजुदा कानुन संशोधन गरेर मात्र सो उपलब्धि हासिल हुन नसक्नुका कारणहरू:-

(क) क्षेत्रगत विसङ्गति र छरिएको अवस्था (Fragmentation): नेपालमा रासायनिक पदार्थको नियमनको विषय विभिन्न क्षेत्रगत मन्त्रालयसंग सम्बन्धित ऐनहरूमा छरिएर रहेका छन्। यी कानुनहरूबीच आपसमा विरोधाभास र बाझिने प्रावधानहरू छन् (जस्तैः उद्योग मन्त्रालय, कृषि मन्त्रालय, स्वास्थ्य मन्त्रालय र गृह मन्त्रालयअन्तर्गतका कानुनहरूमा रसायनको परिभाषा र मापदण्ड फरक-फरक हुनु)।

(ख) जीवनचक्र व्यवस्थापनको अभाव (Lack of Life-cycle Approach): विद्यमान कानुनहरूले केवल उत्पादन वा बिक्रीको एउटा पाटोलाई मात्र छोएका छन् (जस्तैः विषादी ऐनले कृषि विषादी मात्र हेर्छ, तेजाब अध्यादेशले तेजाब मात्र हेर्छ)। तर रसायनको आयात, भण्डारण, परिवहन, प्रयोगशाला प्रयोग, औद्योगिक प्रशोधन र अन्तिम विसर्जनसम्मको सम्पूर्ण चक्र (Cradle-to-Grave Management) लाई एउटै छातामुनि समेट्ने कुनै पनि कानुन छैन।

(ग) नियामक निकायको शून्यताः छरिएका कानुनहरूमा रसायन नियमनका लागि कुनै पनि समर्पित, स्वायत्त र प्राविधिक रूपमा सक्षम स्वायत्त विभाग वा बोर्डको परिकल्पना गरिएको छैन। सामान्य प्रशासनिकयन्त्रले मात्र प्राविधिक र जटिल रासायनिक सुरक्षा नियमन गर्न सक्दैन।

(घ) अन्तर्राष्ट्रिय मापदण्ड (GHS) सँग सामन्जस्यताः प्रचलित कानुनहरूमा विश्वव्यापी मिलान प्रणाली (GHS) अनुसारको वर्गीकरण, लेबलिंग र खतरनाक रसायनहरूको ट्र्याकिङ गर्ने कानुनी आधार पूर्णतयाः अभाव छ। तसर्थ, विद्यमान ऐनहरूलाई सामान्य संशोधन मात्र गरेर यी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकताहरू सम्बोधन गर्न असम्भव हुन्छ । यसका लागि एकीकृत छाता ऐन (Omnibus Act) नै अपरिहार्य छ।

५. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमाभएको हो।

रसायन व्यवस्थापन सम्बन्धी कुनै नीति तर्जुमा गरेको अवस्था छैन ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

दीनानाथ मिश्र
सचिव

महावीर पुन
मन्त्री
प्रविधि तथा नवप्रवर्तन मन्त्रा

६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी

प्रस्तावित रसायन व्यवस्थापन सम्बन्धी ऐनको मस्यौदा तर्जुमा कार्यमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयका सचिवको संयोजकत्वमा मन्त्रालयका सम्बन्धित महाशाखा तथा शाखा प्रमुख, कानून अधिकृत, नीति तथा योजना सम्बन्धी पदाधिकारी, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, रसायन व्यवस्थापनसंग सम्बन्धित अन्य मन्त्रालय, नेपाल विज्ञान तथा प्रविधि (मुख्यतः रसायन व्यवस्थापन) सँग सम्बन्धित विषयगत प्राज्ञ र वैज्ञानिकहरू, सम्बन्धित सरकारी निकायका प्रतिनिधि तथा आवश्यकताअनुसार विषयविज्ञ, विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र र उद्योगका प्रतिनिधिहरूको सहभागिता रहने व्यवस्था गरिनेछ।

७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः-

विश्वका विभिन्न बिकसित तथा विकासशील मुलुकहरूले रासायनिक सुरक्षाका लागि अत्याधुनिक एकीकृत कानूनहरू अभ्यासमा प्रयोगमा ल्याएका छन्:-

| मुलुक/संस्था | कानूनको नाम |
|---|---|
| युरोपेली संघ (EU) | REACH Regulation (Registration, Evaluation, Authorization and Restriction of Chemicals - EC 1907/2006) मा रासायनिक पदार्थहरूबाट हुने जोखिमहरूबाट मानव स्वास्थ्य र वातावरणको रक्षा गर्ने प्रावधानहरु राखिएकोछ। यसलाई विश्वकै सबैभन्दा कडा रासायनिक नियमन कानुन मानिन्छ। |
| युरोपेली संघ (EU) | CLP Regulation (Classification, Labelling and Packaging) मा युरोपेली संघ (EU) को बजारमा ल्याइने रासायनिक पदार्थ तथा मिश्रणहरूको वर्गीकरण, लेबलिङ र प्याकेजिङसम्बन्धी जानकारी दिनुपर्ने नियमहरू समावेश छन्। |
| संयुक्त राज्य अमेरिका (USA) | वातावरण संरक्षण निकाय (Environment Protection Agency, EPA) द्वारा सञ्चालित "विषाक्त पदार्थ नियन्त्रण ऐन" (Toxic Substances Control Act, TSCA) को स्थापना रासायनिक पदार्थहरूलाई व्यापारिक प्रयोजनमा ल्याउनुअघि तिनले मानव स्वास्थ्य र वातावरणमा पार्ने प्रभावहरूको पहिचान तथा उचित नियन्त्रण सुनिश्चित गर्नका लागि गरिएको हो। यसको उद्देश्य हानिकारक पदार्थहरूको व्यावसायिक वितरणलाई रोक्नु हो। |
| भारत | Chemical (Management and Safety) Rules (CMSR), जसलाई इन्डिया REACH (India REACH) भनेर पनि चिनिन्छ। यसले भारतभरि रासायनिक पदार्थहरूको सुरक्षित उत्पादन, आयात र प्रयोग सम्बन्धी रसायनहरूको अनिवार्य दर्ता र अनुगमन तथा नियमन गर्दछ। |

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

दीनानाथ मिश्र
सचिव

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

| | |
|---|---|
| क्यानाडा | क्यानाडाली वातावरणीय संरक्षण ऐन (Canadian Environment Protection Act, CEPA) अन्तर्गतको रसायन व्यवस्थापन योजना (Chemical Management Plan, CMP) क्यानाडा सरकारको एक प्रमुख पहल हो, जसले मानव स्वास्थ्य र वातावरणलाई हानिकारक रसायनहरूको जोखिमबाट बचाउन काम गर्छ। |
| जापान | जापानको सन् १९७३ मा जारी गरिएको 'रासायनिक पदार्थ नियन्त्रण ऐन' (Chemical Substances Control Law, CSCL)—जसलाई Kashinho भनेर पनि चिनिन्छ, जुन जापानको एक प्रमुख रसायन व्यवस्थापन कानुन हो। यसको उद्देश्य वातावरणीय प्रदूषण रोक्नु तथा हानिकारक रसायनहरूबाट मानव स्वास्थ्यको रक्षा गर्नु हो। |
| संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP (United Nations Environment Program, UNEP) | Guidance on the Development of Legal and Institutional Infrastructures for Sound Management of Chemicals (LIRA) संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP) द्वारा विकसित एक महत्त्वपूर्ण निर्देशिका हो, जसले विकासोन्मुख राष्ट्रहरूलाई देशमा<br>रासायनिक पदार्थहरूको सुरक्षित र प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने कानुनी तथा संस्थागत संरचनाहरू निर्माण र सुदृढ गर्न सहयोग पुऱ्याउँछ। यसले रासायनिक पदार्थहरूको जीवनचक्र (उत्पादन, प्रयोग, आयात/निर्यातदेखि विसर्जनसम्म) लाई नियमन गर्न, मानव स्वास्थ्य तथा वातावरणमा पर्ने जोखिमलाई न्यूनीकरण गर्न र अन्तर्राष्ट्रिय रासायनिक महासन्धिहरू (जस्तै: Basel, Rotterdam, र Stockholm Conventions) को पालना गर्न मार्गनिर्देशन प्रदान गर्दछ। |
| संयुक्त राष्ट्रसंघीय तालिम तथा अनुसन्धान संस्थान (United Nations Institute for Training and Research, UNITAR) | रसायन व्यवस्थापनमा **UNITAR** ले विश्वभरका देशहरू, विशेष गरी विकासोन्मुख राष्ट्रहरूमा क्षमता अभिवृद्धि र तालिमको क्षेत्रमा अहम् भूमिका खेलेको छ। यसले राष्ट्रियस्तरमा रासायनिक पदार्थहरूको सुरक्षित व्यवस्थापनका लागि नीति निर्माताहरू, प्राविधिक विज्ञहरू तथा सरोकारवालाहरूलाई लक्षित गर्दै विभिन्न तालिम कार्यक्रमहरू, कार्यशालाहरू र सिकाइ उपकरणहरू प्रदान गर्दछ। साथै, राष्ट्रिय रासायनिक प्रोफाइल (National Chemicals Management Profiles) तयार गर्न, अन्तर्राष्ट्रिय रासायनिक महासंधीहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र प्रदूषण तथा रासायनिक जोखिमबाट मानव स्वास्थ्य र वातावरणलाई जोगाउन आवश्यक पर्ने संस्थागत क्षमता विकासमा UNITAR ले महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ। |
| आर्थिक सहयोग तथा विकास संगठन (Organization for Economic Co-operation and Development, OECD) | आर्थिक सहयोग तथा विकास संगठन (OECD) द्वारा रासायनिक पदार्थहरूको सुरक्षित परीक्षण र मूल्याङ्कनका लागि प्रतिपादित Test Guidelines and Good Laboratory Practice (GLP) Principles अन्तर्राष्ट्रिय मान्यताप्राप्त मापदण्डहरू हुन्। यस अन्तर्गत Test Guidelines हरूले रासायनिक पदार्थहरूको विषाक्तता र वातावरणीय प्रभाव परीक्षण गर्ने वैज्ञानिक विधिहरू तय गर्दछन् भने GLP (Good Laboratory Practice) |

दीननाथ मिश्र
सचिव

महावीर पुन
मन्त्री

| | |
|---|---|
| | Principles हरूले प्रयोगशालाको व्यवस्थापन, परीक्षण प्रक्रिया, तथ्याङ्क सङ्कलन, अभिलेख र प्रतिवेदन तयार गर्ने कार्यलाई व्यवस्थित र भरपर्दो बनाउने गुणस्तर व्यवस्थापन प्रणालीको रूपमा काम गर्छन्। यी मापदण्डहरूको मुख्य उद्देश्य परीक्षण नतिजाहरूको विश्वसनीयता सुनिश्चित गर्नु, अनावश्यक परीक्षण घटाउनु र सदस्य राष्ट्रहरूबीच सुरक्षा तथ्यांकको पारस्परिक स्वीकृति (Mutual Acceptance of Data - MAD) मार्फत अन्तर्राष्ट्रिय व्यापार तथा नियमनलाई सहज बनाउनु हो। |

**८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा**

यस सम्बन्धी कुनै विवरण प्राप्त हुन नसकेको ।

**९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार**

(क) प्रारम्भिक व्ययभारः रसायन व्यवस्थापन विभागको स्थापना र यस संग सम्बन्धित कार्यहरु गर्दा प्रारम्भिक वर्षमा प्रस्तावित संरचनाको आधारमा सोहि समयमा नै अनुमानित प्रारम्भिक व्ययभार आँकलन गर्न सकिनेछ।

(ख) दीर्घकालीन लाभः रासायनिक दुर्घटनाबाट हुने अपूरणीय क्षति तथा स्वास्थ्य उपचार खर्चमा भारी कटौती भई दीर्घकालमा राज्यको स्रोत ठूलो मात्रामा बचत हुनेछ। विस्तृत व्ययभारको खाका मस्यौदा निर्माणको क्रममा अर्थ मन्त्रालयको परामर्शमा यकिन गरिनेछ।

**१०. प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने**

यस एकीकृत कानुनको प्रभावकारी कार्यान्वयनका लागि छुट्टै र विशिष्टीकृत संगठनात्मक संरचना अपरिहार्य हुन्छ । मन्त्रालय र कार्यालयहरूको कार्यभार र कार्यप्रकृति सामान्य प्रशासनिक प्रकृतिको हुने भएकाले रासायनिक पदार्थहरूको अति प्राविधिक, वैज्ञानिक तथा जीवनचक्र नियमनका लागि सम्बन्धित मन्त्रालय अन्तर्गत छुट्टै अधिकारसम्पन्न **"रसायन व्यवस्थापन विभाग" (Chemical Management Department)** स्थापना गर्नुपर्नेछ।

**११. प्रस्तावित कानून निर्माण गर्न कुन निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको**

यस कानूनको मस्यौदा निर्माणका क्रममा निम्नलिखित निकायहरूको परामर्श तथा सहमति लिनेछः

(क) अर्थ मन्त्रालयः आर्थिक व्ययभार तथा स्रोत सुनिश्चितताका लागि (सहमति लिने)।

(ख) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः कानूनी परीक्षण तथा मस्यौदा शुद्धताका लागि (सहमति लिने)।

(ग) लोक सेवा आयोगः सांगठनिक संरचना, दरबन्दी तथा पदपूर्तिको व्यवस्थाका लागि (सहमति लिने)।

(घ) राष्ट्रिय योजना आयोगः नीतिगत तथा योजनागत समरूपताका लागि राय सुझाव लिइने।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

दीनानाथ मिश्र
सचिव

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरू (प्रस्तावित विधेयकको ढाँचा)

प्रस्तावित"रासायनिक पदार्थ व्यवस्था गर्न बनेको विधेयक" मा सामान्यतया निम्नलिखित विषयवस्तुहरू समावेश गरिनेछः

(क) राष्ट्रिय रसायन व्यवस्थापन निर्देशन समिति र रसायन व्यवस्थापन सम्बन्धी निकायको गठन तथा काम, कर्तव्य र अधिकार सम्वन्धि विषयहरू,

(ख) रासायनिक सुरक्षा तथा अन्तर्राष्ट्रिय दायित्वसंग सम्बन्धीत विषयहरू,

(ग) रासायनिक पदार्थको दर्ता, विश्वव्यापी मिलान प्रणाली (GHS) अनुसारको वर्गीकरण र लेबलिङ सम्बन्धी विषयहरू,

(घ) इजाजतपत्र तथा नियमन व्यवस्थाहरू,

(ङ) रासायनिक पदार्थको ढुवानी, विपद् पूर्वतयारी र आपतकालीन प्रतिक्रियाः घातक रसायनहरूको सुरक्षित ओसारपसार (Safe Transport) र वाहन मापदण्ड, रासायनिक आपतकालीन प्रतिक्रिया बल (CERT) को गठन र परिचालन, उद्योग तथा प्रयोगशालाहरूले अनिवार्य पेस गर्नुपर्ने आपतकालीन सुरक्षा योजना सम्वन्धी विषयहरू,

(च) रासायनिक फोहोरमैला व्यवस्थापन र जीवनचक्र नियमन सम्वन्धी विषयहरू,

(छ) निरीक्षण, अनुगमन र रसायन व्यवस्थापन निरीक्षकको अधिकार सम्वन्धी विषयहरू,

(ज) कसूर, सजाय, जरिवाना र क्षतिपूर्ति सम्वन्धी विषयहरू,

(झ) विविध सम्वन्धी विषयमा बाझिएका प्रचलित कानूनहरूको खारेजी तथा बचाउ, नेपाल सरकारले नियम बनाउने, र कार्यविधि, निर्देशिका मापदण्ड जारी गर्ने अधिकार सम्वन्धि विषयहरू,

(ञ) मन्त्रालयको कार्यसँग सम्बन्धी विषयहरू,

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

------समास-----

दीनानाथ शि.
सचिव

**महावीर पुन**
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय